**मंगला गाउँपालिका**

# स्थानीय राजपत्र

खण्ड : ७ बाबियाचौर, म्याग्दी संख्या : २ मिति : २०८१ साल असार १०

भाग-२

मंगला गाउँपालिका

# मंगला गाउँपालिकाको विनियोजन ऐन, २०८१

**मंगला गाउँपालिकाको आर्थिक वर्ष २०८१/२०८२ को सेवा र कार्यहरूको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजित गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

<u>प्रस्तावना :</u> मंगला गाउँपालिकाको आर्थिक वर्ष २०८१/२०८२ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम मंगला गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

१. यस ऐनको नाम "मंगला गाउँपालिकाको विनियोजन ऐन, २०८१" रहेको छ ।

२. यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८१/२०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

१. आर्थिक वर्ष २०८१/२०८२ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त अनुसूची -१ मा उल्लिखित चालू खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ४९,०९,३१,८००/-(अक्षरेपि उनपचास करोड नौ लाख एकतीस हजार आठ सय मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः**

१. यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिएको रकम आर्थिक वर्ष २०८१/२०८२ को निमित्त मंगला गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ ।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक शीर्षकबाट अर्को एक वा एक भन्दा बढी शीर्षकमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने छ । पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालू तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

३. उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूची -१
### (दफा २ सँग सम्बन्धित )
### नेपालको संविधान धारा २२९ (२) बमोजिम
### संञ्चित कोषबाट विनियोजित हुने रकम

| क्र.सं | अनुदान संख्या | शीर्षकको नाम | चालू खर्च | पुँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | एकमुष्ठ रु. २९,५४,३१,८००<br>(उनन्तीस करोड चौउन्न लाख एकतीस हजार आठ सय) | एकमुष्ठ रु. १९,५५,००,०००<br>(उन्नाइस करोड पचपन्न लाख) | | ४९,०९,३१,८०० |
| २ | | वडा समिति | | | | |
| ३ | | विषयगत शाखा | | | | |
| ३.१ | | सामान्य प्रशासन शाखा | | | | |
| ३.२ | | राजस्व तथा आर्थिक प्रशासन शाखा | | | | |
| ३.३ | | पूर्वाधार तथा भवन नियमन शाखा | | | | |
| ३.४ | | आर्थिक विकास शाखा | | | | |
| ३.५ | | सामाजिक विकास शाखा | | | | |
| ३.६ | | योजना अनुगमन तथा तथ्याङ्क शाखा | | | | |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | | |

आज्ञाले,
शिवकुमार पौडेल
प्रमुख प्रशासकीय अधिकृत